<u>उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२</u>

मा. मन्त्री स्तरबाट स्वीकृत मितिः

२०८२/०५/१९

<u>प्रस्तावना</u>ः देशमा उपलब्ध जनशक्तिलाई उद्यमशीलताको विकास र प्रवर्धनमार्फत दक्ष र सीपयुक्त बनाई रोजगारी र स्वरोजगारीका अवसरहरू सिर्जना गर्दै लघु, घरेलु तथा साना उद्योग क्षेत्रको विकास र विस्तारमा सघाउ पुऱ्याउनका साथै राष्ट्रिय अर्थतन्त्रलाई दिगो, समावेशी तथा आत्मनिर्भर बनाउने सन्दर्भमा उद्यमशीलता विकास कार्यक्रमको विधि, प्रक्रिया तथा मापदण्ड निर्धारण गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

परिच्छेद-१

<u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>ः (१) यस कार्यविधिको नाम "उद्यमशीलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "आधारभूत सीप विकास तालीम" भन्नाले उद्यम व्यवसाय स्थापना, विकास तथा प्रवर्धन गर्नका लागि आवश्यक पर्ने प्राविधिक सीपमूलक तालीम सम्झनु पर्छ।

(ख) "आवासीय कार्यक्रम" भन्नाले तालीम कार्यक्रमका प्रशिक्षार्थीलाई बस्ने, खाने व्यवस्था समेत गरी प्रदान गरिने तालीम सम्झनु पर्छ।

(ग) "उद्योग" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालन भएको उद्योग सम्झनु पर्छ।

(घ) "उद्यमी" भन्नाले प्रचलित कानून बमोजिम उद्यम सञ्चालन गर्ने व्यक्ति वा समूह सम्झनु पर्छ।

कृष्ण बहादुर राउत
सचिव (उद्योग)

(ङ) "उद्यमशीलता विकास तालीम" भन्नाले उद्यम व्यवसाय स्थापना तथा सञ्चालनका लागि आवश्यक पर्ने व्यावसायिक ज्ञान प्रदान गर्ने उद्देश्यले सञ्चालन गरिने छोटो अवधिको व्यावसायिक तालीम सम्झनु पर्छ।

(च) "उद्यमीको क्षमता विकास तालीम" भन्नाले उद्यम व्यवसायमा संलग्न व्यक्ति तथा सोका प्रोपराईटरलाई प्रदान गरिने लेबलिङ, प्याकेजिङ, बजारीकरण, लेखा व्यवस्थापन, उत्पादन व्यवस्थापन, फोहोर व्यवस्थापन जस्ता व्यवस्थापकीय पक्षमा व्यावसायिक ज्ञान प्रदान गर्न सञ्चालन गरिने छोटो अवधिको तालीम सम्झनु पर्छ।

(छ) "कार्यक्रम" भन्नाले यस कार्यविधि अन्तर्गत वार्षिक बजेट तथा कार्यक्रममा उल्लिखित अनुसूची-१ बमोजिमका कार्यक्रम सम्झनु पर्छ।

(ज) "केन्द्र" भन्नाले लघु, घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्र सम्झनु पर्छ।

(झ) "तालीम" भन्नाले आधारभूत सीप विकास तालीम, सीप अभिवृद्धि (एडभान्स) तालीम, उद्यमशीलता विकास तालीम वा उद्यमीको क्षमता विकास तालीम सम्झनु पर्छ।

(ञ) "प्रविधि हस्तान्तरण" भन्नाले उद्योगको स्थापना, सञ्चालन वा विस्तार गर्नको लागि आवश्यक पर्ने मेसिन वा उपकरण वा औजार उपलब्ध गराउने कार्य सम्झनुपर्छ।

(ट) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(ठ) "सीप अभिवृद्धि (एडभान्स) तालीम" भन्नाले एक पटक सीप विकास तालीम लिई व्यवसाय सञ्चालन गरिरहेका उद्यमीलाई सोही विषयमा दिइने उच्चस्तरको तालीम सम्झनु पर्छ र सो शब्दले आधारभूत सीप प्राप्त व्यक्तिलाई दिइने थप तालीम समेतलाई जनाउँछ।

## परिच्छेद -२

## सञ्चालन हुने कार्यक्रमको क्षेत्र, विषय र स्थान

३. **सञ्चालन गरिने कार्यक्रमः** (१) यस कार्यविधि अन्तर्गत वार्षिक बजेट तथा कार्यक्रममा उल्लिखित अनुसूची-१ बमोजिमका कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमका कार्यक्रम केन्द्रबाट सञ्चालन गरिनेछ।

४. <u>उद्यमशीलता कार्यक्रमको प्रकृतिः</u> (१) दफा ३ बमोजिमको कार्यक्रम सञ्चालन गर्दा बजेट तथा कार्यक्रममा विषय उल्लेख भएको अवस्थामा सोही विषयमा र विषय उल्लेख नभएको अवस्थामा केन्द्रले निर्णय गरेको विषयमा आधारभूत सीप विकास तालीम, सीप अभिवृद्धि (एडभान्स) तालीम, उद्यमशीलता विकास तालीम वा उद्यमीको क्षमता विकास तालीम सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमका आधारभूत सीप विकास तालीम तथा सीप अभिवृद्धि (एडभान्स) तालीमका प्रशिक्षार्थीलाई उद्योगको स्थापना, विस्तार वा स्तरोन्नतिको लागि प्रविधि हस्तान्तरण समेत गर्न सकिनेछ।

५. <u>कार्यक्रमको विषय र स्थान छनोटः</u> केन्द्रले देहायका विषयलाई आधार बनाई कार्यक्रम सञ्चालन गर्ने विषय र स्थान निर्धारण गर्नु पर्नेछः-

(क) केन्द्रको भौतिक संरचना र तालीमको प्रकृति

(ख) विषयगत तालीम र पकेट क्षेत्र

(ग) प्रशिक्षक र प्रशिक्षार्थीको उपलब्धता

(घ) लागत र लाभ विश्लेषण

(ङ) लक्षित वर्ग र सोको घनत्व।

६. <u>तालीमका प्रशिक्षार्थी छनोटः</u> (१) दफा ५ बमोजिम कार्यक्रमका प्रशिक्षार्थी छनोट गर्न केन्द्रले कम्तीमा पन्ध्र दिनको समय दिई राष्ट्रिय दैनिक पत्रिका र आफ्नो वेवसाइटमा सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रकाशन गर्दा तालीमको नाम, सञ्चालन हुने स्थान, अवधि, छनोट गरिने सङ्ख्या, दरखास्त दिंदा पेस गर्नुपर्ने कागजात, दरखास्त दिने तरिका, प्रशिक्षार्थीले प्रशिक्षणका अवधिमा पाउने सेवा सुविधा तथा छनोटका आधारहरू र छनोटको सूचना प्रकाशन हुने माध्यमसमेत खुलाउनु पर्नेछ।

(३) प्रशिक्षार्थीले केन्द्रद्वारा सञ्चालन हुने कार्यक्रमका लागि उपदफा (१) बमोजिमको सूचनाको म्यादभित्र अनुसूची-२ बमोजिमको ढाँचामा केन्द्रको अनलाईन प्रणालीमार्फत वा केन्द्रमा आफैं उपस्थित भई दरखास्त दिनुपर्नेछ।

(४) उपदफा (३) बमोजिम पर्न आएका दरखास्त आवश्यक जाँचबुझ गरी देहायका आधारमा प्रशिक्षार्थी छनोटको अन्तिम सूची तयार गरी केन्द्रको वेबसाइटमा प्रकाशन गर्नुपर्नेछः-

(क) उमेर समूह

(ख) स्थायी ठेगाना

(ग) लक्षित वर्ग

(घ) शैक्षिक योग्यता।

तर, यस उपदफा बमोजिमको अन्तिम सूची प्रकाशन गर्दा उपलब्ध भएसम्म पच्चीस प्रतिशतसम्म प्रशिक्षार्थी वैकल्पिक सूचीमा रहने गरी नामावली प्रकाशन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम छनोट भएका प्रशिक्षार्थी सम्बन्धित तालीम कार्यक्रममा तोकिएकै मितिमा सहभागी हुनु पर्नेछ। तोकिएको मितिसम्म सम्पर्कमा नआएमा वैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई योग्यताक्रम अनुसार क्रमशः सहभागी गराउनु पर्नेछ।

(६) यस दफा बमोजिम सूचना प्रकाशित गर्दा पर्याप्त आवेदन नपरेमा वा पर्याप्त प्रशिक्षार्थी छनोट हुन नसकेमा वा छनोट भएको प्रशिक्षार्थी तालीममा सहभागी हुन नआई कोटा रिक्त भएमा सम्बन्धित वडा कार्यालयको सिफारिस वा केन्द्रमा पेस गरेको निवेदनका आधारमा योग्यता पुगेका ईच्छुक व्यक्तिलाई समेत प्रशिक्षार्थी छनोट गरी सहभागी गराउन सकिनेछ।

(७) उपदफा (४) र (६) बमोजिम प्राप्त हुन आएका आवेदनमध्येबाट उमेर समूह, स्थायी ठेगाना, लक्षित वर्ग र एड्भान्स तालीमको लागि कार्य अनुभव समेतका आधारमा योग्य प्रशिक्षार्थी छनोट गरी सिफारिस गर्न देहाय बमोजिमको समिति गठन गर्नु पर्नेछः

(क) कार्यकारी अधिकृतले तोकेको केन्द्रको उपसचिवस्तर/अधिकृतस्तरको कर्मचारी -संयोजक

(ख) केन्द्रले तोकेको सम्बन्धित विषयको विज्ञ -सदस्य

(ग) सम्बन्धित कार्यक्रम हेर्ने केन्द्रको कर्मचारी -सदस्य

७. <u>प्रशिक्षार्थीको योग्यता</u>ः (१) तालीम कार्यक्रममा सहभागी हुने प्रशिक्षार्थीको योग्यता देहाय बमोजिम हुनेछः-

(क) नेपाली नागरिक,

(ख) १६ वर्ष उमेर पूरा भएको।

(ग) तालीमका विषयगत पाठ्यक्रममा तोकिए बमोजिम शैक्षिक योग्यता तथा कार्यानुभव भएको।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि वार्षिक कार्यक्रममा निश्चित उमेर, लिङ्ग, वर्ग, समूह आदि तोकिएको हकमा सोही बमोजिम हुनेछ।

(३) सीप अभिवृद्धि (एडभान्स) तालीममा सहभागी हुन चाहने व्यक्तिले उपदफा (१) बमोजिमको योग्यताका अतिरिक्त सो सम्बन्धी आधारभूत तालीम लिएको प्रमाणपत्र पेस गर्नु पर्नेछ। आधारभूत तालीमको प्रमाणपत्र नभएमा सो विषयमा कम्तिमा २ वर्षको पेशा व्यवसाय वा रोजगार वा स्वरोजगारको अनुभव भएको कागजात पेस गर्नुपर्नेछ।

८. प्रशिक्षार्थी सङ्ख्या निर्धारण र समूह निर्माणः (१) एक समूहको तालीममा सहभागीको सङ्ख्या सामान्यतया २० जना हुनेछ।

(२) कुनै विषयमा आवश्यक न्यूनतम संख्या भन्दा कम र कुनै विषयमा बढी संख्यामा आवेदन पर्न आएमा आवेदन कम भएको विषय स्थगन गरी बढी आवेदन भएको विषयमा दुई वा दुईभन्दा बढी समूहमा तालीम सञ्चालन गर्न सकिनेछ।

## परिच्छेद -३

## कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

९. कार्यक्रम सञ्चालन विधिः (१) केन्द्रले देहायको कुनै विधि अवलम्बन गरी कार्यक्रम सञ्चालन गर्न सक्नेछः-

(क) केन्द्र आफैंले,

(ख) परामर्श सेवा खरिद मार्फत,

(ग) जी टु जी सम्झौता मार्फत,

(घ) प्रदेश सरकार तथा स्थानीय तहसँगको लागत साझेदारी मार्फत,

(ङ) स्थानीय तह मार्फत।

(२) दफा (१) को खण्ड (क) र (ख) बाहेकको विधिबाट कार्यक्रम सञ्चालन गर्ने अवस्थामा सम्बन्धित सरकारी निकाय वा स्थानीय तहले यस कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरी प्रशिक्षार्थी आफैं छनोट गर्न सक्नेछन्।

१०. कार्यक्रमको व्यवस्थापकीय पक्षः (१) दफा ९ को खण्ड (क) र (ख) बमोजिम सञ्चालन गरिने कार्यक्रम आवश्यकता अनुसार आवासीय रूपमा सञ्चालन गर्न सकिनेछ।

(२) आवासीय रूपमा सञ्चालन हुने कार्यक्रममा सहभागी प्रशिक्षार्थीले विशेष अवस्थामा बाहेक कार्यक्रम छोड्न पाइने छैन।

स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि "विशेष अवस्था" भन्नाले पाँच दिन भन्दा बढी अस्पताल भर्ना भई उपचार गर्नुपर्ने वा आफैं किरिया बस्नु पर्ने अवस्था सम्झनु पर्छ।

(३) उपदफा (२) बमोजिम बाहेक बिचमा नै कार्यक्रम छोड्ने प्रशिक्षार्थीलाई यस कार्यविधि बमोजिम पाइने कुनै सेवा सुविधा प्रदान गरिने छैन।

## परिच्छेद-४

## पाठ्यक्रम, प्रशिक्षण विधि र प्रशिक्षक सम्बन्धी व्यवस्था

११. पाठ्यक्रमः नेपाल सरकारका विशिष्टिकृत तालीम प्रदायक संस्था वा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्‌बाट स्वीकृत पाठ्यक्रममा आधारित रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

१२. पाठ्यक्रम निर्माण र स्वीकृतिः (१) यस कार्यविधि बमोजिम कुनै कार्यक्रम सञ्चालन गर्दा दफा ११ बमोजिमको पाठ्यक्रम उपलब्ध हुन नसकी नयाँ पाठ्यक्रम निर्माण गर्नु पर्ने भएमा वा उपलब्ध पाठ्यक्रम परिमार्जन गर्नु पर्ने भएमा वा कुनै पाठ्यक्रमलाई आंशिक रूपमा मात्र प्रयोग गर्नु पर्ने भएमा त्यस्तो पाठ्यक्रम निर्माण वा परिमार्जन र स्वीकृत गरी केन्द्रले लागू गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम पाठ्यक्रम निर्माण वा परिमार्जन गर्दा देहायका विषयलाई समावेश गर्नुपर्नेछः-

(क) पाठ्यक्रमको उद्देश्य, लक्ष्य, संरचना, प्रशिक्षकको योग्यता र अनुभव, प्रशिक्षार्थीहरूको समूहमा हुने न्यूनतम सङ्ख्या, योग्यता र अनुभव, तालीम अवधि, प्रशिक्षण कार्यमा आवश्यक पर्ने मेशिन औजार तथा सामग्रीहरू, अन्य आवश्यक कच्चा सामग्री र तिनको परिमाण,

(ख) सैद्धान्तिक जानकारी (पाठ शीर्षक, पाठ्य विषयवस्तु, तिनको क्षेत्र, दिनुपर्ने आवश्यक ज्ञान, प्रशिक्षण विधि, क्रियाकलाप र सो पाठ शीर्षकको लागि लाग्ने समयावधि),

(ग) व्यवहारिक तथा प्रयोगात्मक सीप (कार्यहरूको पाठ्य विषयवस्तु, तिनको क्षेत्र, कार्य चरण, आवश्यक दक्षता र सिक्नुपर्ने विषय, ज्ञान, विशेष ध्यान दिनु पर्ने विषय, प्रशिक्षण विधि, क्रियाकलाप तथा सो पाठ्यसूचीको लागि लाग्ने समय अवधि),

(घ) विज्ञबाट प्राप्त सुझाव तथा तालीम सम्पन्न पश्चातको प्रशिक्षार्थीको पृष्ठपोषणबाट प्राप्त उपयुक्त देखिएका सुझाव।

(३) उपदफा (१) बमोजिम पाठ्यक्रम निर्माण वा परिमार्जन गर्नका लागि केन्द्रले सम्वन्धित विषयका विज्ञ सहितको समिति गठन गर्न सक्नेछ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विषयको पाठ्यक्रम तयार भइनसकेको र नयाँ निर्माण गर्न समय लाग्ने अवस्था भएमा त्यस्तो विषयमा तालीम सञ्चालन गर्नुपर्दा अन्य निकाय, विज्ञ, प्रशिक्षक वा तालीम प्रदायक संस्थाबाट पाठ्यक्रम वा कार्यविधि सहितको कार्ययोजना प्राप्त भएमा सोको आधारमा समेत तालीम सञ्चालन गर्न सकिनेछ।

१३. <u>प्रशिक्षण सञ्चालन विधिः</u> (१) स्वीकृत पाठ्यक्रम अनुसार देहायको विधिमध्ये तालीमको प्रकृतिअनुसार उपयुक्त एक वा एकभन्दा बढी विधि प्रयोग गरी तालीम कार्यक्रम सञ्चालन गर्नु पर्नेछः-

(क) तालीमको विषयवस्तु सम्वन्धी सैद्धान्तिक ज्ञानको लागि व्याख्यान विधि,

(ख) तालीमको विषयवस्तुको व्यवहारिक ज्ञानको लागि प्रयोगात्मक विधि,

(ग) अवलोकन तथा प्रदर्शनी विधि,

(घ) नमुना उत्पादन विधि,

(ङ) तोकिएको अन्य विधि।

(२) तालीमको अवधि तथा दैनिक कार्यघण्टा पाठ्यक्रममा तोकिए बमोजिम हुनेछ। दुई वा दुई भन्दा बढी कार्यदिनको तालीमलाई एकै कार्यदिनमा गाभी सञ्चालन गर्न पाईने छैन।

(३) सार्वजनिक विदाको दिन बाहेक अन्य दिनमा कुनै आकस्मिक कारण परी तालीम सञ्चालन हुन नसकेमा सोको सट्टा अर्को दिन तालीम सञ्चालन गर्नु पर्नेछ। सामान्यतया तालीम

दिउँसो सञ्चालन गरिनेछ। तर आवश्यकता अनुसार तालीमको प्रकृति हेरी उपयुक्त देखिएमा केन्द्रको समन्वयमा अन्य समयमा पनि सिफ्ट कायम गरी तालीम सञ्चालन गर्न सकिने छ।

(४) तालीमको विषय हेरी प्रशिक्षार्थीहरूलाई तालीम अवधिमा नै बजार वा उद्योग अवलोकन गराउन सकिनेछ।

(५) तालीममा सहभागी प्रशिक्षार्थीले न्यूनतम ९० प्रतिशत रुजु हाजिर भएको हुनुपर्ने र प्रशिक्षण कार्यक्रमको आचारसंहिता पालना गर्नु पर्नेछ।

(६) तालीम सम्पन्न भएपश्चात् उक्त तालीमको प्रमाणीकरण (एक्रिडिटेसन) गराउन केन्द्रले सहजीकरण गर्नेछ।

(७) तालीम सम्पन्न भएपछि सहभागी प्रशिक्षार्थीहरूलाई अनुसूची-३ बमोजिमको ढाँचामा प्रमाणपत्र प्रदान गर्नु पर्नेछ।

१४. <u>प्रशिक्षकको सूची (रोस्टर) तयार गर्न सक्नेः</u> (१) केन्द्रले कुनै विषयमा आफ्नै स्रोतसाधन प्रयोग गरी तालीम सञ्चालन गर्दा प्रचलित कानून बमोजिमको प्रक्रिया पूरा गरी आवश्यक योग्यता भएका विभिन्न विषयका योग्य एवं दक्ष प्रशिक्षकहरूको सूची (रोस्टर) तयार गरी राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचीबाट केन्द्रले आवश्यकता अनुसार कार्यक्रममा दक्ष प्रशिक्षक खटाउन सक्नेछ।

(३) उपदफा (१) बमोजिमका प्रशिक्षकको शैक्षिक योग्यता तथा तालीम र अनुभवका आधारमा स्तर निर्धारण अनुसूची-४ बमोजिमको मापदण्डका आधारमा गर्न सक्नेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद-५

## प्रविधि हस्तान्तरण तथा उत्पादित वस्तुको व्यवस्थापन

१५. प्रशिक्षार्थीलाई प्रविधि हस्तान्तरण: (१) यस कार्यविधि बमोजिम आधारभूत सीप विकास तथा सीप अभिवृद्धि (एडभान्स) तालीम सम्पन्न गर्ने प्रशिक्षार्थीलाई उद्योगको स्थापना, सञ्चालन वा विस्तार गर्न केन्द्रले सम्बन्धित विषयमा प्रविधि हस्तान्तरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिने प्रविधिका लागि लाग्ने अनुमानित लागत रकम, विषय र स्थानको छनोट कार्यक्रमको प्याकेज बनाउँदाकै अवस्थामा यकीन गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको प्रविधि केन्द्रले सार्वजनिक खरिद कानून बमोजिम खरिद गरी हस्तान्तरण गर्नु पर्नेछ।

१६. उत्पादित वस्तुको व्यवस्थापन: (१) यस कार्यविधि बमोजिमको तालीमबाट उत्पादित सामान वा वस्तुहरू व्यवस्थित अभिलेख राखी प्रशिक्षण अवधिभित्रै प्रशिक्षार्थीको श्रमको सम्मानस्वरूप निजहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले सहभागीलाई नै वितरण गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए तापनि किमती सामान वा वस्तुहरू केन्द्रमा दाखिला गरी नियमानुसार लिलाम गर्नु पर्नेछ।

स्पष्टीकरण: यस दफाको प्रयोजनका लागि "किमती सामान" भन्नाले सुन, चाँदी, हिरा, मोती, वहुमुल्य पत्थर वा यस्तै प्रकृतिका सामग्री सम्झनु पर्छ।

## परिच्छेद– ६

## विविध

१७. कार्यालय व्यवस्थापन खर्च: (१) कार्यक्रमको अनुगमन, आवेदन संकलन तथा प्रशिक्षार्थी छनोट र प्रशासनिक तथा व्यवस्थापकीय कार्यका लागि विनियोजित बजेटबाट बढीमा एक प्रतिशत रकम खर्च गर्न सकिनेछ।

१८. साझेदारीमा कार्यक्रम गर्न सकिने: (१) केन्द्रले यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रममा प्रदेश सरकार, स्थानीय तहसँग लागत साझेदारी गर्न सक्नेछ।

(२) केन्द्रले कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय तहमा कार्यरत उद्यम विकास सहजकर्ताको सहयोग लिन सक्नेछ।

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

१९. <u>अनुगमन, निरीक्षण तथा मूल्याङ्कनः</u> (१) केन्द्रले कार्यक्रमको नियमित अनुगमन गरी अनुसूची-५ बमोजिम प्रतिवेदन लिनुपर्नेछ।

(२) सम्बन्धित प्रदेशको उद्योग हेर्ने मन्त्रालय/ विभाग/ निर्देशनालयले समेत कार्यक्रमको अनुगमन गर्न सक्नेछ।

(३) स्थानीयस्तरमा सञ्चालन हुने कार्यक्रममा स्थानीय तहबाट समेत अनुगमन गर्ने प्रबन्ध मिलाउन सकिनेछ।

२०. <u>तालीम प्रतिवेदन सम्बन्धी व्यवस्थाः</u> तालीम सञ्चालन गर्ने निकायले तालीम सम्पन्न भएपछि सोको प्रतिवेदन अनुसूची-६ वमोजिमको ढाँचामा पेस गर्नुपर्नेछ।

२१. <u>प्रचलित कानून बमोजिम हुनेः</u> यस कार्यविधिमा उल्लेख भएका विषयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

२२. <u>बाधा अड्काउ फुकाउः</u> यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले फुकाउन सक्नेछ।

अनुसूची- १

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

<u>सञ्चालन गरिने कार्यक्रमहरू</u>

१. अलैची, चिया, अदुवा, सुपारी उद्यमशीलता प्रर्वद्धन कार्यक्रम

२. उद्यमशीलता विकास

३. अपाङ्ग लक्षित उद्यमशीलता प्रर्वद्धन कार्यक्रम

४. अतिसीमान्तकृत, सीमान्तकृत, लोपोन्मुख, विपन्न, दलित समुदाय लक्षित उद्यमशीलता कार्यक्रम

५. अल्लो लगायतका रेशाजन्य कच्चापदार्थमा आधारित उद्योग प्रवर्धन (सीप विकास तथा प्रविधि सहयोग)

६. कफी वारिष्टा उद्यमशीलता विकास कार्यक्रम

७. चिउरी प्रशोधन सम्बन्धी काम गरिरहेका लघु, घरेलु तथा साना उद्यमी महिला समूहहरूलाई सीप विकास तालीम तथा अत्याधुनिक प्रविधि सहयोग कार्यक्रम

८. जेन-जी उद्यमशीलता विकास कार्यक्रम (डिजिटल कन्टेन्ट क्रियशन, प्लेटफर्म डेभलपमेन्ट तथा सञ्चालन, डिजिटल मार्केटिङ तथा इ-कमर्श, आर्टिफिसियल इन्टेलिजेन्स (एआई) र फास्ट टेक लगायतका कार्यक्रम)

९. ढाका उद्यम उद्यमशीलता प्रर्वद्धन कार्यक्रम

१०. नेपाल तयारी पोशाक उद्योग संघको समन्वयमा धुलाई र रंगाई कार्यक्रम सञ्चालन

११. बुटवल टेक्निकल इन्स्टिच्युट विटिआई मार्फत निजी क्षेत्र समेतको सहभागितामा कार्यस्थलमा आधारित तालीम/अभिमुखीकरण

१२. वौद्धिक सम्पत्ति अधिकार सम्वन्धी तालीम

१३. मसला बनाउने उद्यमशीलता विकास कार्यक्रम

१४. महिला बन्दी गृह (जगन्नाथ देवलका) बन्दीहरूलाई सीपमूलक तालीम

१५. महिला वर्गका लागि उद्यमशीलता कार्यक्रम

१६. रुद्राक्ष व्यवसाय प्रर्वद्धन कार्यक्रम

१७. लघु, घरेलु तथा साना उद्यमीलाई प्याकेजिङ, लेबलिङ तथा बजारीकरणसम्बन्धी तालीम

१८. लोक्ता कागज उत्पादन सम्बन्धी उद्यमशीलता कार्यक्रम

१९. विश्वविद्यालयसँगको सहकार्यमा युवा लक्षित नवप्रर्वतन र उद्यमशीलता विकास कार्यक्रम

२०. व्यवसाय विकास र स्वच्छ बजार विकास तालीम

२१. शिल्पी समुदायको लागि उद्यमशीलता र प्रविधि हस्तान्तरण कार्यक्रम

२२. सुधारगृहका कैदीबन्दीहरूका लागि उद्यमशीलता विकास कार्यक्रम

२३. सेरामिक्स उद्योग प्रवर्धनको लागि अध्ययन, अनुसन्धान, सीप विकास तथा प्रविधि सहयोग

२४. सेरामिक्स उद्यम प्रर्वद्धन कार्यक्रम

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

## अनुसूची-२

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

निवेदन/दरखास्तको ढाँचा

श्री ..............................

.................................... ।

महोदय,

त्यस केन्द्रबाट मिति ...................... मा प्रकाशित सूचना अनुसार .......... स्थानमा सञ्चालन गरिने ...................... विषयको सीपमूलक/उद्यमशीलता विकास तालीममा सरिक हुने मेरो इच्छा भएकोले निम्नानुसार व्यक्तिगत विवरण भरी संलग्न कागजातको प्रतिलिपि सहित यो निवेदन पेस गरेको छु।

१. निवेदकको नाम, थर :

२. निवेदकको ठेगाना :

(क) स्थायी ठेगानाः

(ख) अस्थायी ठेगानाः

(ग) सम्पर्क टेलिफोन नं.

(घ) इमेलः

३. उमेर : .........वर्ष

४. लिङ्ग : पुरुष /महिला

५. वैवाहिक स्थिति : विवाहित/अविवाहित/एकल

६. शैक्षिक योग्यताः

७. परिवारको किसिम र सङ्ख्याः एकल/संयुक्त, ...... जना

८. हालको पेशाः

९. परिवारको आय आर्जनको मुख्य श्रोत :

१०. पारिवारिक स्वामित्वमा रहेको जग्गा र ठेगानाः

११. परिवारको अन्दाजी बार्षिक आम्दानी रु

१२. यस भन्दा अघि कुनै तालीम लिनु भएको छ / छैन ?...........

यस अघि तालीम लिएको भए,

(क) तालीमको विषयः..........................................

(ख) तालीमको अवधिः.........................

(ग) तालीम लिएको मितिः .........................

(घ) तालीम दिने संस्थाः .........................

(ङ) प्राप्त तालीमको उपयोग स्थितिः .........................

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

(च) स्वरोजगारीः ........................

(छ) रोजगारी /ज्याला रोजगारीः ........................

(ज) घरायसी प्रयोजनमा सिमितः ........................

(झ) सदुपयोग छ/छैनः ........................

१३. तालीम विना कुनै सीप जानेको भए सो सीपको व्यावसायिक उपयोग भएको छ ? उपयोग भएको भए सो को अवस्था :

(क) स्वरोजगारी

(ख) ज्याला रोजगारी

(ग) घरायसी प्रयोजनमा उपयोग

(घ) व्यबसायिक उपयोग छैन ।

१४. यो तालीम लिन चाहनुको मुख्य कारण :

तालीम पश्चात यसैसाथ संलग्न व्यवसायिक योजना अनुसार सीपको उद्यम/व्यवसाय/रोजगारीमा प्रयोग गर्ने दृढ निश्चय गरेको छु ।

........................

आवेदकको सही र मिति

संलग्न कागजात

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि(एउटा मात्र)

(ग) लक्षित वर्ग भए पुष्टि हुने कागजात

लक्षित वर्ग भन्नाले अति सीमान्तकृत, सीमान्तकृत, लोपोन्मुख, आदिवासी जनजाति, मधेशी, दलित, थारु, मुस्लिम, वेरोजगार, वैदेशिक रोजगारबाट फर्केका, द्वन्द्वपीडित, जनआन्दोलनका घाइते परिवार, विपन्न, महिला, अपाङ्गता भएका व्यक्ति, पिछडिएको क्षेत्रका बासिन्दा सम्झनु पर्छ।

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

अनुसूची-३

(दफा १३ को उपदफा (७) सँग सम्बन्धित)

तालीम प्रमाण पत्रको ढाँचा

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
लघु घरेलु तथा साना उद्योग प्रवर्धन केन्द्र
त्रिपुरेश्वर, काठमाडौं

फोटो

**प्रमाणपत्र**

प्रमाण पत्र नम्वर ....................

प्रदेश.............................जिल्ला.........................गा.पा./न.पा. ..............वडा नं. .........बस्ने श्री.....................................ले यस प्रवर्धन केन्द्रद्वारा........................ स्थानमा मिति २० / / गते देखि २० / / गते सम्म जम्मा............अवधिमा सञ्चालित....................... विषयको तालीममा सहभागी हुनु भई सफलतापूर्वक तालीम सम्पन्न गर्नु भएकोले यो प्रमाण-पत्र प्रदान गरिएको छ।

मिति छाप प्रशिक्षक तालीम संयोजक/ अधिकृत

MINISTRY OF INDUSTRY, COMMERCE AND SUPPLIES

MICRO, COTTAGE AND SMALL INDUSTRY PROMOTION CENTER

TRIPURESWOR, KATHMANDU

CERTIFICATE

Certificate No: ..........

This is to certify that Mr./Mrs/Miss............................................................ Resident of .......................... successfully completed the.......................................training program on ...................... conducted by this center at ................................ for total duration of ....................................

Date: Seal: Trainer Training Co-ordinator/ Officer

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-४

(दफा १४ को उपदफा (३) सँग सम्बन्धित)

### प्रशिक्षकको शैक्षिक योग्यता, तालीम वा अनुभवका आधारमा स्तर

क. मुख्य प्रशिक्षकः सम्वन्धित विषयमा मान्यता प्राप्त संस्था/विश्वविद्यालयबाट स्नातक उत्तीर्ण गरी प्रशिक्षक प्रशिक्षण तालीम (TOT) लिएको वा सम्बन्धित विषयमा तीन तहको सीप परिक्षण उत्तीर्ण गरी ५ वर्षको कार्य अनुभव भएको।

ख. प्रशिक्षकः सम्बन्धित विषयमा मान्यता प्राप्त संस्था/ विश्वविद्यालयबाट प्रमाणपत्र डिप्लोमा तह उत्तीर्ण गरी प्रशिक्षक प्रशिक्षणको तालीम लिएको वा सोको सट्टामा सम्बन्धित विषयमा सीप तह ३ उत्तीर्ण गरी ३ वर्ष कार्य अनुभव भएको वा प्राविधिक एस एल सि वा २ तहको सीप विकास तालीम उत्तीर्ण गरी ५ वर्षको कार्य अनुभव भएको।

ग. सह प्रशिक्षकः दश कक्षा उत्तीर्ण गरी १ तहको सीप विकास तालीम उत्तीर्ण गरी २ वर्षको कार्य अनुभव भएको

घ. सहायक प्रशिक्षकः दश कक्षा उत्तीर्ण गरी सम्वन्धित विषयमा तालीम लिई कम्तीमा दुई वर्ष कार्य अनुभव भएको वा दश कक्षा उत्तीर्ण गरी सम्वन्धित विषयमा पाँच वर्षको कार्य अनुभव भएको।

प्रशिक्षकको स्तर

क. मुख्य प्रशिक्षकको स्तरः नेपाल सरकार राजपत्राङ्कित तृतीय श्रेणी सरह।

ख. प्रशिक्षकको स्तरः नेपाल सरकारको राजपत्र अनंकित प्रथम श्रेणी सरह।

ग. सह प्रशिक्षकको स्तरः नेपाल सरकारको राजपत्र अनंकित द्वितीय श्रेणी सरह।

घ. सहायक प्रशिक्षकको स्तरः नेपाल सरकारको राजपत्र अनंकित तृतीय श्रेणी सरह।

यसमा उल्लेख भए बाहेकको योग्यता, तालीम वा अनुभवको हकमा केन्द्रले स्तर निर्धारण गर्न सक्नेछ।

कृष्ण बहादुर राउत
सचिव (उद्योग)

अनुसूची-५

(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)

अनुगमन प्रतिवेदनको ढाँचा

१. प्रदेश.................जिल्ला .................... कार्यक्रम सञ्चालन भएको ............................पालिका वडा नं...........

२. प्रशिक्षकको नामः ..................................

३. तालीम प्रदायक संस्थाको नाम ..............................................

४. कार्यक्रम सञ्चालन अवधिः ..............................................

५. अनुगमन विवरण ,

क. तालीम प्रदायक संस्थाका सम्वन्धमा

- तालीम स्थानको अवस्था
- तालीम स्थानमा भएका सुविधा
- तालीममा प्रशिक्षकको उपलव्धता
- प्रशिक्षकको प्रशिक्षणप्रति सहभागीको प्रतिक्रिया
- तालीम संयोजकको संयोजन कला
- तालीम सञ्चालन विधि
- समय पालनाको अवस्था
- तालीममा प्रयोग भएको प्रविधिको उपयुक्तता

ख. प्रशिक्षार्थीको सम्वन्धमा

- छनोट भएको र सहभागी भएको सङ्ख्या
- समयपालना र आचारसंहिता पालनाको अवस्था
- सीप सिकाइ प्रतिको रुची
- सिकाइमा समान अवसर पाए नपाएको
- तालीम प्रविधिमा पहुँचको अवसर
- खाजा लगायतका सुविधाको उपभोगको अवस्था

ग. तालीमको प्रगतिको अवस्था (उद्यमशीलता विकास र आधारभूत सीप विकासतालीम)

| मुख्य क्रियाकलापहरू | सहायक क्रियाकलापहरू | सूचक/पुष्टयाईंका आधार | प्रगति अवस्था |
|---|---|---|---|
| उद्यमशीलता | • व्यवसाय सचेतना तथा व्यवसाय शुरु तालीम तालीम | • सहभागीको उपस्थिति<br>• सहभागीहरूले छनोट गरेको | |

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

२०७७ कृष्ण बहादुर राउत सचिव (उद्योग)

| | | | |
|---|---|---|---|
| विकास तालीम | • लैङ्गिक सचेतना तालीम | व्यवसायको विवरण<br>• तालीम प्रतिवेदन | |
| | • व्यावसायिक परामर्श तथा व्यावसायिक योजना तयारी | • उद्यमीहरूको समस्याको विवरण<br>• व्यावसायिक योजना तयार भएको<br>• व्यवसाय छनोट गरिएको | |
| प्राविधिक सीप विकास तालीम | व्यावसायिक योजनाको आधारमा प्राविधिक सीप विकास तालीम प्रदान | • उद्यमीहरूको व्यावसायिक योजना<br>• स्थानीय श्रोत साधनको प्रयोगको संभाव्यता<br>• मेसिनरी तथा प्रविधिहरूको प्रयोग<br>• तालीमको उत्पादन तथा तयारी वस्तुहरूको व्यवस्थापन<br>• सहभागिहरूको उपस्थिति विवरण<br>• तालीम प्रतिवेदन (Post Training) | |
| वित्तीय सेवामा पहुँच सम्वन्धी जानकारी | वित्तीय तथा सहकारी संस्थाहरूसँगको अन्तरक्रिया | • स्थानीय स्तरमा अवस्थित वित्तीय संस्था र सहकारीहरूको नामावली<br>• सहकारीहरूसँग भएको दुई पक्षीय सम्झौताको विवरण<br>• कार्यक्रमको प्रतिवेदन | |
| उपयुक्त प्रविधिमा सम्बन्धी जानकारी | • मेसिन औजार तथा उपयुक्त प्रविधि बारे जानकारी<br>• मेसिन तथा औजार प्रविधि व्यवस्थापन<br>• खरिदसम्बन्धी सुझाव | • सम्भाव्य प्रविधिको नामावली<br>• उपयुक्त प्रविधि खरिद गर्न सकिने पसल वा फर्मको नाम ठेगाना तथा सम्पर्क मोबाइल नम्वर<br>• उद्यम वा व्यवसायमा प्रविधि तथा प्रयोगको विवरण | |
| वजारीकरण तथा व्यावसायिक परामर्श | • सम्भावित बजारबारेको जानकारी | • बजार अध्ययनबारेको जानकारी<br>• सम्भावित उद्यमीले तुलनात्मक लाभको आधारमा उत्पादन गर्न सकिने वस्तु तथा सेवाहरूको विवरण | |
| | • ठुला, मझौला, साना तथा लघु उद्यमहरू बिच अन्तरक्रिया<br>• बजारीकरण तथा बजार विकास क्रियाकुलाप | • अन्तरक्रियामा भएको निर्णयहरू<br>• लघु तथा साना, मझौला र ठुला उद्योग बिच भएको सहमति/ सम्झौता<br>• बजार सञ्जाल अन्तर्क्रिया / तालीममा | |

नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | |
|---|---|---|---|
| | | सहभागीहरूको विवरण | |

(ख)सीप अभिवृद्धि (एडभान्स) तालीम तर्फः

| मुख्य क्रियाकलापहरू | सहायक क्रियाकलापहरू | सूचक/पुष्टयाईंका आधार | प्रगति अवस्था |
|---|---|---|---|
| व्यवसाय वा रोजगारीको अवस्थामा स्तरोन्नतिका लागि आवश्यकता पहिचान | • SWOT Analysis | • आवश्यकता तथा सम्भाव्यता विश्लेषणको प्रतिवेदन | |
| पुनर्ताजगी तथा एडभान्स तालीम | • परिमार्जित व्यावसायिक योजनाको आधारमा प्राविधिक सीप विकास तालीम प्रदान | • उद्यमीहरूको परिमार्जित व्यावसायिक योजना<br>• मेसिनरी/प्रविधिहरूको प्रयोग<br>• तालीमको उत्पादन तथा तयारी वस्तुहरू<br>• सहभागीहरूको उपस्थिति विवरण<br>• तालीम प्रतिवेदन | |
| प्रविधि बारेको जानकारी | • मेसिन औजार तथा उपयुक्त प्रविधि बारे जानकारी<br>• मेसिन तथा औजार प्रविधि व्यवस्थापन<br>• खरिदसम्बन्धी सुझाव | • उद्यमीहरूको व्यवसायमा प्रविधि तथा प्रयोग<br>• प्रविधि प्राप्त भएको सम्झौता<br>• उद्यममा प्रविधि प्रयोग भएको अवस्थाको विवरण<br>• संभाव्य प्रविधिको नामावली<br>• उपयुक्त प्रविधि खरिद गर्न सकिने पसल वा फर्मको नाम ठेगाना तथा सम्पर्क मोबाइल नम्बर | |
| वित्तीय तथा बजार पहुँच | • व्यावसायिक योजना परिमार्जन<br>• वित्तीय संस्थासँग अन्तर्क्रिया | • अन्तर्क्रिया कार्यक्रमको उपस्थितिको विवरण | |
| बजारीकरण | • ठुला, मझौला, साना तथा लघु उद्यमहरू बिच अन्तरक्रिया | • लघु उद्यमीको वस्तु खरिदका लागि क्रेताहरूसँग भएका अन्तरक्रियाको | |

| | | | |
|---|---|---|---|
| | • ब्रान्डिङ, लेबलिङ, प्याकेजिङ्ग<br>• बजार विकास तालीम | विवरण<br>• तालीम प्रतिवेदन | |
| | • बिक्री कक्ष स्थापना तथा प्रवर्धन सम्बन्धी जानकारी | •बिक्री कक्ष सञ्चालन बारेको जानकारी<br>• स्थानीय, क्षेत्रीय र राष्ट्रियस्तरसम्म बजारीकरणको अवस्थाजानकारी<br>•उत्पादनको बजार पहुँच बारेको जानकारी | |
| व्यावसायिक परामर्श | • आवश्यकता विश्लेषणको आधारमा परामर्श सेवा प्रदान | •यस बारेको प्रतिवेदन<br>•समूह छलफलको उपस्थिति | |

घ. कार्यक्रम सञ्चालनको गुणस्तरको अवस्था:

६. कार्यक्रम सञ्चालन अनुगमनको सारांश विवरण:

| विवरण | जम्मा | | | लक्षित वर्गका दलित, आदिवासी जनजाति, मुस्लिम, थारू, सीमान्तकृत, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, वैदेशिक रोजगारबाट फर्किएका/रोजगारी गुमाएका खुलाउने | |
|---|---|---|---|---|---|
| | महिला | पुरुष | अन्य | महिला | पुरुष |
| | | | | | |

७. सम्झौतामा उल्लेख गरिएका अन्य क्रियाकलापहरु:

क. .....................

ख. ......................

ग. .....................

घ. ........................

ङ. ..............................

८. अनुगमनकर्ताको सुझावहरु:

(क) प्रशिक्षार्थीहरूलाई: ...................................................................

(ख)...................................................................................................

प्रशिक्षकहरूलाई:.....................................................................

(ग) सेवाप्रदायकलाई:..................................................................

(घ)..................................................................................................

अन्यलाई:...................................................

९. समग्र मुल्याङ्कन ..............................................

अनुगमनकर्ताको नाम र पदः

अनुगमन गरेको मितिः

प्रतिवेदन पेस गरेको मितिः

कृष्ण बहादुर राउत
सचिव (उ.बा.)

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-६

(दफा १९ सँग सम्बन्धित)

तालीम सम्पन्न प्रतिवेदन

क. तालीम प्रदायकको नाम ठेगाना

ख. तालीमको अवधि............................. देखि.................................... सम्म

ग. तालीमको मोडालिटी (कार्यविधिको दफा ९ अनुसार)

घ. सम्झौता भएको मिति

ङ. तालीममा सहभागीको सङ्ख्या

च. सम्पन्न तालीममा सहभागीको वर्गीकृत विवरण

| तालीमको नाम | लक्ष्य | प्रगतिको सङ्ख्यात्मक विवरण | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा सङ्ख्या | महिला | पुरुष | अन्य | दलित | जनजाति/ आदिवासी | खस आर्य | अपांगता भएका | युवा (१६-४० वर्ष) | मधेशी | मुस्लिम | थारु | पिछडा वर्ग/ | आर्थिक रुपले विपन्न वर्ग | अन्य वर्ग खुलाउने |
| | | | | | | | | | | | | | | | | |

छ. तालीम कार्यक्रममा सहभागीको संख्यात्मक विवरण

| तालीमको नाम | अवधि | छनोट भएको तालीम संख्या | सहभागी भएको संख्या | तालीम पुरा गरेको संख्या | प्रशिक्षक संख्या | सहायक प्रशिक्षकको संख्या | रोजगारीमा संलग्न हुन चाहनेको संख्या | स्वरोजगारीमा संलग्न हुन चाहनेको संख्या | तालीमका क्रममा भएको अनुगमन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |

ज. तालीमका लागि छनोट प्रक्रिया

झ. तालीमबाट उत्पादित सामग्रीको व्यवस्थापन

१.

२.

ञ. तालीमको समग्र खर्च

१.

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

कृष्ण बहादुर राउत
सचिव (उद्योग)

२.

ट. तालीममा देखा परेका समस्या र समाधान

ठ. अन्य खुलाउनु पर्ने विषय

प्रतिवेदन बुझाउनेको नामः ..........................

दस्तखतः.....................

मितिः..................... ..

छाप

नेपाल सरकार
वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं